मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# भौतिक हस्तान्तरण हुने वस्तुहरु - बारम्बार सोधिने प्रश्नहरू

**१) मेक्स प्लाटफर्ममा भौतिक हस्तान्तरणका लागि कुन-कुन करारहरु उपलब्ध छन् ?**

भौतिक हस्तान्तरण हुने १० ग्राम सुन–DGOLD10GM

भौतिक हस्तान्तरण हुने १००० ग्राम चाँदी–DSILVER1000GM (यो वस्तु ०.१ लट र यसको गुनासँग हुने परिमाणको मात्रामा कारोबार गर्न सकिन्छ )

भौतिक हस्तान्तरण हुने १ के.जी. चाँदी–DSILVER1KG

भौतिक हस्तान्तरण हुने २० के.जी. चाँदी–DSILVER20KG

भौतिक हस्तान्तरण हुन ठुलो अण्डा – EGGL १ बाकसको तौल : १२ के जी भन्दा बढी

भौतिक हस्तान्तरण हुने मध्यम अण्डा – EGGM १ बाकसको तौल : १० देखि १२ के जी

**२) भौतिक हस्तान्तरण हुने वस्तुहरु कसले किन्न सक्छन्?**

- DGOLD10GM, DSILVER1000GM, DSILVER1KG, Delivery EGGL & Delivery EGGM- कुनै पनि संस्था वा व्यक्तिले किन्न सक्छ ।
- DSILVER20KG- कुनै पनि संस्था वा प्यान कार्ड भएको व्यक्तिले किन्न सक्छ ।

**३) यी वस्तुहरुका विक्रेता को हुन् ?**

- १० ग्राम सुनको विक्रेता गहना गृह हो ।
- १००० ग्राम चाँदीको विक्रेता आनन्द ज्वेलर्स हो ।
- १ के.जि. र २० के.जी.चाँदीका विक्रेता सेन्चुरी कमर्सियल बैंक हो ।
- EGGL & EGGM को विक्रेता न्यू भैरब पोल्ट्री फर्म हो ।

**४) भौतिक हस्तान्तरन्णमा कारोबार हुने बस्तुहरुको सामान्य आवश्यकता के हो?**

DGOLD मा कारोबार गर्नका लागि मेक्स निर्दिष्ट कुनै एक बैंकमा (http://www.mexnepal.com/webpages/partners_mex.html)आफ्नो खाता हुनुपर्छ ।

DSILVERमा कारोबार गर्नका लागि सेन्चुरी कमर्सियल बैंकमा आफ्नो खाता हुनु आवश्यक छ ।

EGGL र EGGM कारोबार गर्नको लागि बैंक अफ काठमाण्डौ वा ईसेवामा अनिवार्य रुपमा खाता हुनुपर्ने छ ।

**५) यी वस्तुका लागि बैंक खाता खोल्न आवश्यक कागजातहरु के-के हुन ?**

व्यक्तिगत आवेदकहरुको लागि :

बैंक खाता खोल्नुपर्ने

व्यक्तिगत आवेदकहरुको लागि :

- ग्राहकले भरेको बैंक खाता खोल्ने फारम
- KYC फारम
- १ PP फोटो
- नागरिकताको प्रतिलिपि
- प्यान कार्डको प्रतिलिपि (DSILVER20KG मा कारोबारका लागि अनिवार्य)

संस्थागत आवेदकहरुको लागि :

- खाता खोल्ने फारम
- प्यान/भ्याटको प्रतिलिपि
- कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- खाता खोल्ने र संचालनको माइन्यूट
- संचालक समिति, प्रमुख कार्यकारी अधिकृत र खाता संचालन गर्ने अधिकृत व्यक्तिको KYC फारम, १ PP फोटो र नागरिकताको प्रतिलिपि
- गत वर्षको अडिट रिपोर्ट
- कम्पनिको प्रबन्धपत्र र नियमावलि

(द्रष्टव्य : कागजातहरुका सबै प्रतिलिपिमा कम्पनिको छाप र अधिकृत व्यक्तिको हस्ताक्षरले प्रमाणित हुन आवश्यक छ।)

इसेवा खाता खोल्नका लागि

ई-सेवा वालेट बनाउन/सिर्जना गर्न दुईवटा प्रक्रियाहरु छन्- वेब वा मोबाइल मार्फत्।

वेब मार्फत् गर्दा,

१) www.esewa.com.np मा Login गर्नुहोस्।

२) वेबमा देखाइएका सबै खाली ठाँउहरु भर्नुहोस् र सबै सही जानकारी प्रदान गरेर आफ्नो ई-सेवा खाता खोल्नुहोस्।

मोबाइल मार्फत् गर्दा

"reg" टाइप गरि २१२१ मा पठाउनुहोस् ।

**६) मेक्समा भौतिक हस्तान्तरण हुने वस्तुका लागि ग्राहकको रुपमा दर्ता हुँदा के कुनै थप कागजात बुझाउनु पर्दछ ?**

मानक (Standard) कागजातहरुका बाहेक ग्राहकले "भौतिक हस्तान्तरण हुने वस्तुका लागि नियम रशर्तहरु" मा हस्ताक्षर गर्न आवश्यक छ ।

**७) के यि कराररहरुमा बेच्ने विकल्प उपलब्ध छ ?**

यि कराररहरुमा बेच्ने विकल्प उपलब्ध छैन । ग्राहकलाई किन्ने विकल्प मात्र उपलब्ध छ र ग्राहकलाई खुला कारोबार परिसमापन गर्न समेत विकल्प प्रदान गरिएको छैन । ग्राहकले खुला कारोबार प्रतिको दायित्वपूरा गरेपछि, एक्सचेन्जले ग्राहकको खुला कारोबार परिसमापन गरिदिन्छ ।

**८) "हस्तान्तरण नीति-वाध्यात्मक" भनेको के हो ?**

"हस्तान्तरण नीति-वाध्यात्मक" भनेको ग्राहकका सबै खुला कारोबार भौतिक हस्तान्तरण भई राफसाफ हुनेप्रक्रिया हो ।

**९) हस्तान्तरण एकाइ भनेको के हो ?**

हस्तान्तरण एकाइ भनेको हस्तान्तरण (वितरण) गर्न सकिने करारको न्यूनतम परिमाण हो । यो हस्तान्तरण एकाइ वस्तुको करार विवरणमा एक्सचेन्जद्वारा निर्दिष्ट गरिन्छ ।

**१०)DGOLD को न्यूनतम हस्तान्तरण एकाइ के कति हो ?**

१० ग्राम ।

**११) DSILVER को न्यूनतम हस्तान्तरण एकाइ के कति हो ?**

करार अनुसार १०० ग्राम, १ के.जि. र २० के.जि.।

**१२) EGGL र EGGM का हस्तान्तरण एकाइको न्यूनतम संख्या के हो ?**

१ बाकस, जसमा ७ क्यारेट वा २१० वटा अण्डा हुन्छन् ।

**१३) हस्तान्तरण एकाइको अधिकतम संख्या के हो ?**

DSILVER1KG का लागि, एउटा ग्राहकका लागि प्रति दिन ९ लट ।

DGOLD10GM, DSILVER1000GM, DSILVER20KG, EGGLर EGGM का लागि,बजार गहिराई( Market-depth)मा विक्रेताले बेच्नका लागि राखेको/देखाएको मात्रा (intentions) मा निर्भर गर्दछ ।

**१४) DGOLD,DSILVER, EGGL र EGGM को गुणस्तर विवरण कस्तो छ ? यसका लागि कुनै किसिमको गुणस्तर प्रमाणपत्र प्रदान गरिन्छ ?**

DGOLD को गुणस्तर प्रशोधित सुन, .९९५ शुद्धता रहेको छ भने DSILVER को गुणस्तर प्रशोधित चाँदी, ९९९.९९ शुद्धता रहेको छ ।

EGGL र EGGM को गुणस्तर विवरण यस प्रकार छ : दरार संख्या र फुटेको अण्डा : छैन, रगत र मासुको दाग : छैन,  बढीमा ७ दिन सम्मको पुरानो अण्डा, प्रशोधन नगरिएको ।

१ के.जी. र २० के.जी. चाँदीका लागि अन्तराष्ट्रिय गुणस्तर प्रमाणपत्र प्रदान गरिन्छ र यो प्रमाणपत्र विक्रेताले एउटा निर्दिष्ट ढाँचामा क्रेतालाई प्रदान गर्दछ ।

**१५) गुणस्तर प्रमाणपत्र भनेको के हो ?**

गुणस्तर प्रमाणपत्र गुणस्तर पारखीले प्रदान गर्ने कागजात हो जसमा वस्तुको गुणस्तर र अरु सम्बन्धित मानकहरु उल्लेख गरिएको हुन्छ ।

**१६) भन्डारण शुल्क भनेको के हो ?**

क्रेताले पूर्ण रकम भुक्तानी गरिसकेपछि पनि वस्तुको भौतिक हस्तान्तरण नलिएमा, त्यस वस्तुको हस्तान्तरण नलिउञ्जेलसम्म क्रेतालाई लाग्ने शुल्क भन्डारण शुल्क हो ।

**१७) करार वैद्यता भनेको के हो ?**

ग्राहकको खुला कारोबार वैद्य रहुञ्जेल सम्मको समयलाई करार वैद्यता भनिन्छ । क्रेताले आफूले गरेको कारोबारप्रति सम्पूर्ण दायित्वहरु पूरा गरि यस वैद्यता समय अवधीभित्र वस्तुको हस्तान्तरण लिनुपर्दछ ।

**१८) आंशिक हस्तान्तरण भनेको के हो र के यो उपलब्ध छ ?**

यदि तपाईले एकै चोटी २ लट (मानौ ४० के.जि.) आदेश दिनुभएको छ तर १ लट (२० के.जि.) को मात्रै हस्तान्तरण लिनुहुन्छ भने यसलाई आंशिक हस्तान्तरण भनिन्छ । यस किसिमको आंशिक हस्तान्तरण उपलब्ध छैन ।

**१९) टाट पल्टिनु भनेको के हो ?**

कारोबार गर्नका लागि आवश्यक जिम्मेवारी पूरा गर्न नसक्नु तथा वस्तुको भौतिक हस्तान्तरण नलिनुलाई टाट पल्टिनु भनिन्छ ।

**२०) भौतिक हस्तान्तरण हुने वस्तुहरुको सन्दर्भमा टाट पल्टिन सक्ने अवस्थाहरु के-के हुन् ?**
यसमा २ वटा अवस्थाहरु हुनसक्छन् । पहिलो - ग्राहकले करार समाप्ति भित्र बाँकी रकम जम्मा नगरेको अवस्था । दास्रो- करार वैद्यता भित्र ग्राहकको कारोबार खातामा इक्विटी हिट भएको अवस्था ।

**२१) भौतिक हस्तान्तरण हुने वस्तुहरुमा, खुला कारोबारमा देखाइएकोअस्थायी नोक्सानीले ग्राहकको इक्विटीमा किन असर गर्दछ ?**
ग्राहक टाट पल्टेको अवस्थामा ग्राहकलाई लाग्ने जरिवानामा अस्थायी नोक्सानी पर्ने हुनाले यसको असर ग्राहकको इक्विटीमा देखाइएको हो । तथापि वस्तुको सफल भौतिक हस्तान्तरण भएमा यो नोक्सानीलाई शुन्य गरिनेछ जसकारण, ग्राहकको इक्विटीमा कुनै असर पर्ने छैन ।

**२२) भौतिक हस्तान्तरण हुने वस्तुहरुमा, खुला कारोबारमा देखाइएकोअस्थायी नाफाले ग्राहकको इक्विटीमा किन असर गर्दैन ?**
ग्राहकले वस्तुको खरीद मुल्य पक्का गरिसकेको हुनाले अस्थायीनाफामा दाबी गर्न सकिँदैन र त्यसैले ग्राहकको इक्विटीमा यसले असर गर्दैन । वस्तुको सफल भौतिक हस्तान्तरण पछि नाफालाई शुन्यमा ल्याइनेछ ।

**२३) भौतिक हस्तान्तरण कहाँ हुनेछ ?**
भौतिक हस्तान्तरण वस्तुको विष्तृत वस्तु विवरणमा उल्लेख भए अनुसारका ठाँउमा हुनेछ ।

**२४) यदि विक्रेताले तोकिएको मितिमा वस्तुको हस्तान्तरण दिएन भने के हुन्छ?**
तोकिएको मिति तथा स्थानमा वस्तुको हस्तान्तरण दिनु विक्रेताको कर्तव्य हो तर त्यसो गर्न नसकेमा विक्रेतालाई अनिवार्य दायित्व सिर्जना हुनेछ ।

**२५) भौतिक हस्तान्तरण रसिद भनेको के हो ? यसको प्रयोग के हो ? यो कहाँ उपलब्ध हुन्छ ?**
भौतिक हस्तान्तरण रसिद भनेको वस्तुको क्रेताले पाउने कागजात हो जसमा ग्राहकले आदेश दिएको र यसमा आदेशको अरु विवरण पनि उल्लेख गरिएको हुन्छ ।
वस्तुको हस्तान्तरण लिँदा क्रेताले यो रसिद विक्रेतालाई प्रस्तुत गर्नुपर्दछ ।
यो रसिद ग्राहकको कारोबारस्थलमा उपलब्ध हुन्छ । ग्राहकले निश्चित खुला कारोबारमा राइट क्लिक गरेपछि, 'Delivery Receipt' मा क्लिक गर्नसक्नुहुन्छ ।स्क्रिनमा देखिएको रसिदलाई प्रिन्ट गरेर निकालिएको कागजात विक्रेतालाई दिन आवश्यक हुन्छ ।

**२६) सुन, चाँदी र अण्डा कुन रुपमा हस्तान्तरण हुन्छ ?**

१० ग्राम सुन सिक्काको रुपमा हस्तान्तरण हुन्छ । १००० ग्राम र २० के.जि. चाँदी ढुलो/कण को रुपमा हस्तान्तरण हुन्छ । १ के.जि.चाँदी भने बारका रुपमा हस्तान्तरण हुनेछ ।
EGGL र EGGM बाकसमा क्रेट सहित भौतिक हस्तान्तरण हुन्छ ।

**२७) के ग्राहकले हस्तान्तरण लिइसकेपछि पनि गुणस्तर तथा तौलको दाबी गर्न सक्दछ ?**
क्रेताले हस्तान्तरण लिने समयमा नै वस्तुको गुणस्तर र तौलको बारेमा पुष्टि गरी हस्तान्तरण लिनुपर्दछ । वस्तुको हस्तान्तरण लिएर, वस्तु लगिसकेपछि क्रेता स्वयं जिम्मेबार हुनेछ र कुनै विषयमा दाबी गर्न मिल्ने छैन ।

**२८) यदि बैंकबाट सिधै वस्तु खरीद गर्न मिल्छ भने मेक्सको प्लेटफर्म मार्फत् हस्तान्तरण लिनुको फाइदा के हो ?**
क्रेताले मेक्स मार्फत् हस्तान्तरण लिनुका निम्नानुसार फाइदाहरु छन् :

- ✓ क्रेताले मेक्स प्लाटफर्ममा सुन, चाँदी, र अण्डाको सबैभन्दा प्रतिस्पर्धी मूल्य पाउन सक्नुहुनेछ ।
- ✓ क्रेताले आफूले किन्न चाहेको वस्तुको मूल्य कुनै पनि समयमा कुनै पनि स्थानमा रहि आफ्नो एण्ड्रोइड/आइ फोन/ आइ प्याड/म्याक उपकरणबाट हेर्न सक्नेछ र आदेश दिन सक्नेछ ।
- ✓ क्रेताले "लिमिट आदेश" राख्ने/लिने सुविधा पाउनेछ । यसको अर्थ,क्रेताले आफूलाई उपयुक्त मूल्यमा करार खरीद गर्ने आदेश दिन सक्छन् र जब बजार उक्त मूल्यमा पुग्छ, क्रेताको आदेश कार्यान्वयन हुनेछ ।
- ✓ क्रेताले वस्तुको मूल्यमा हुने हरेक उतार चढाव हेर्न तथा मूल्यांकन गर्न सक्नेछ र आफूलाई उचित मूल्यमा खरिद गर्न चार्टको माध्यमबाट प्राविधिक विश्लेषण पनि गर्न सक्नेछ ।

**२९) के सुन वाहक (क्रेता) ले आफूले किनेको सुन पुनः विक्रेतालाई बेच्न सक्दछ ? बेच्दा खेरी कुनै शुल्क (ज्याला वा जर्ती) घटाइने छ ?**
सुन वाहकले आफूले किनेको सुन विक्रेतालाई चालू ने.सु.चा.व्य.संघको बेच्ने दिनको मूल्यमा बेच्न सक्नेछ ।
यसमा कुनै किसिमको शुल्क घटाइने छैन ।

**३०) के चाँदी वा अण्डा वाहक (क्रेता) ले आफूले किनेको चाँदी वा अण्डा मेक्सको प्लाटफर्म मार्फत् बेच्न सक्छ ?**
चाँदी वा अण्डा वाहकले मेक्सको प्लाटफर्म मार्फत् किनेको चाँदी वा अण्डा यहि प्लाटफर्म मार्फत् वा बैंकलाई वा बिक्रेतालाई बेच्ने प्रावधान छैन । तर चाँदी वा अण्डा वाहकले आफ्नै मातहतका कोही तेस्रो पक्षलाई बेच्ने पूर्ण स्वतन्त्रता छ ।

**३१) हस्तान्तरण रसिदलाई कुनै तेस्रो पक्षलाई बेच्ने वा धितो राख्ने कुनै प्रावधान छ ?**

हस्तान्तरण रसिद तेस्रो पक्षलाई बेच्ने वा धितो राख्ने प्रावधान छैन ।